सरुमारानी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बड्डाँडा, प्यूठान

लुम्बिनी प्रदेश, नेपाल

प.स.:२०८३/०८४

च.नं.

सूचना । सूचना ।। सूचना ।।।

(प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०८/०१ गते)

यस सरुमारानी गाउँपालिकाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएको सशर्त वित्तीय पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३** बमोजिम देहायका कार्यक्रममा साझेदारी गर्न इच्छुक निजि फर्म, उद्यमी, समूह, सहकारी तथा कम्पनीहरुले यो सूचना प्रकाशन भएको मितिले २१ औं दिन (मिति २०८३/०८/२१ गते) को कार्यालय समय भित्र यस गाउँपालिकाको पशु सेवा शाखा बड्डाँडा, प्यूठानमा प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

क्र. स.	कार्यक्रमको विवरण	कृषक/कृषक समूहले गर्नुपर्ने लागत साझेदारी प्रतिशत	कार्यालयले साझेदारी गर्ने रकम रु.	कैफियत
१.	भैंसी प्रवर्द्धन कार्यक्रम	पाडी/भैंसी खरिद, पूर्वाधार निर्माण, औजार उपकरण र उत्पादन सामग्री खरिदमा - ५०% लागत	५,६५,०००/-	एउटै क्षेत्र/टोल पर्ने स्थानका समूह/ समितिलाई विशेष प्राथमिकता दिईनेछ।

संचालन गर्ने क्रियाकलापः

- पाडी/भैंसी खरिद, गोठ निर्माण/सुधार तथा मलमुत्र व्यवस्थापन, चरन खर्क वा आहार व्यवस्थापन, औषधी उपचार, परिजिवी नियन्त्रण तथा खोप कार्य, पशु पहिचान तथा अभिलेखीकरण, जैविक सुरक्षा सम्बन्धी कार्यहरु, दुध उत्पादन तथा प्रशोधन सम्बन्धी कार्यहरु, स्थलगत तालिम।

आवश्यक कागजातहरु :

१. निवेदन।

२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

३. समूहको हकमा सम्बन्धित निकायमा पशुपालन समुह दर्ता तथा नवीकरण भएको प्रमाण-पत्र को प्रतिलिपी।

४. प्रस्तावित कार्यक्रम बारे समूहको बैठकको निर्णय प्रतिलिपि।

५. समूहको हकमा प्रस्ताव पेश गर्न अक्तियार प्राप्त जिम्मेवार व्यक्तिको निर्णय प्रतिलिपी तथा जिम्मेवार व्यक्तिको नागरिकताको प्रतिलिपी।

६. कार्यक्रममा सहभागी हुने लाभाग्राहीको विवरण (नेपाली नागरिकताको प्रतिलिपि र लालपुर्जाको प्रतिलिपि सहित)।

७. निवेदन, संक्षिप्त कार्ययोजनाको ढाँचा तथा कार्यक्रम संचालन कार्यविधि पशु सेवा शाखाबाट प्राप्त गर्न सकिनेछ।

नोट :थप जानकारीको लागि सरुमारानी गाउँपालिका पशु सेवा शाखा बड्डाँडा, प्यूठानमा सम्पर्क गर्नुहुन।

(मो.नं. ९८६८६९८२६१ ,९८४७९५६७४०)

केशब गिरी

पशु सेवा शाखा प्रमुख

.....

अनिल बुढाथोकी

प्रमुख प्रशासकीय अधिकृत

सम्पर्क ठेगाना: सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय बड्डाँडालुम्बिनी प्रदेश नेपाल, प्यूठान ,०४-

कार्यालयको फोन नं ९८५७८३६०२२ .Website:www.sarumaranimun.gov.np

Email :sarumaraniagvet@gmail.com